# महालक्ष्मी राजपत्र

खण्ड ८, संख्या ४,

भाग १

## महालक्ष्मी नगरपालिका, ललितपुरको

# आर्थिक ऐन, २०८१

(१६औ नगरसभाबाट २०८१/०३/०७ मा पारित)

प्रकाशन मिति: २०८१/०४/०१

महालक्ष्मी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट मुद्रित

# महालक्ष्मी नगरपालिका, ललितपुर
# आर्थिक ऐन, २०८१

**प्रस्तावनाः** महालक्ष्मी नगरपालिका, ललितपुरको आर्थिक वर्ष २०८१/८२ को अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न, केही महसुल, कर, मालपोत र दस्तुर लगाउन, लिइरहेको दरलाई चालु राख्न तथा हेरफेर गरी स्थानीय कर, दस्तुर तथा शुल्क सङ्कलन गर्ने, छुट दिने तथा आय सङ्कलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम महालक्ष्मी नगरपालिकालको १६औं नगरसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

१. यस ऐनको नाम "आर्थिक ऐन, २०८१" रहेको छ ।

२. यो ऐन २०८१ साल श्रावण १ गतेदेखि महालक्ष्मी नगरपालिका, ललितपुर क्षेत्रभित्र लागु हुनेछ ।

२. **सम्पत्ति करः**

महालक्ष्मी नगरपालिका, ललितपुर क्षेत्रभित्र अनुसूची -१ बमोजिम सम्पत्ति कर लगाइने र असुल उपर गरिनेछ ।

३. **भूमिकर (मालपोत):**

महालक्ष्मी नगरपालिका, ललितपुर क्षेत्रभित्र अनुसूची - २ बमोजिम भूमिकर (मालपोत) लगाइने र असुल उपर गरिनेछ ।

४. **घरजग्गा बहाल करः**

महालक्ष्मी नगरपालिका, ललितपुर क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा बहाल लिनेदिने बीचको सम्झौतामा उल्लेख भएको अवधि र रकममा अनुसूची - ३ बमोजिम बहालकर लगाइने र असुल उपर गरिनेछ ।

५. **व्यवसाय करः**

महालक्ष्मी नगरपालिका, ललितपुर क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा अनुसूची - ४ बमोजिम पुँजीका आधारमा व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

६. **बहाल बिटौरी शुल्कः**

महालक्ष्मी नगरपालिका, ललितपुर क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका अनुसूची — ५ मा उल्लेख भएअनुसार हाट, बजार वा पसल तथा सरकारी जग्गामा बनेका संरचनाको उपयोगबापत सोही अनुसूचीमा भएको व्यवस्था अनुसारको बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

७. **पार्किङ्ग शुल्कः**

महालक्ष्मी नगरपालिका, ललितपुर क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराएबापत अनुसूची - ६ बमोजिम पार्किङ्ग शुल्क लगाइने र असुल उपर गरिनेछ ।

८. **जडिबुटी, कवाडी र जीवजन्तु करः**

महालक्ष्मी नगरपालिका, ललितपुर क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, बनकस(खर), कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यावसायिक कारोबार गरे बापत अनुसूची - ७ बमोजिम कर लगाइने र असुल उपर गरिनेछ ।

९. **सेवा शुल्क, दस्तुरः**

१. महालक्ष्मी नगरपालिका, ललितपुर क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायोकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्प, जिप फ्लायर, र्याफ्टिङ्ग, प्याराग्लाइडिङ्ग लगायतका स्थानीय पर्यटन,मनोरञ्जन तथा साहसिक खेलकुदसम्बन्धी सेवा वा व्यवसाय सञ्चालनमा अनुसूची - ८ बमोजिम शुल्क लगाइने र असुल उपर गरिनेछ ।

२. महालक्ष्मी नगरपालिका, ललितपुर क्षेत्रभित्र निर्माण, सञ्चालन वा व्यवस्थापन गरिएका अनुसूची — ९ मा उल्लिखित स्थानीय पूर्वाधार

र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१०. **कर छुट तथा जरिवानाः**

१. उपदफा (२) मा उल्लेख गरेको अवस्थामा बाहेक यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका ब्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन ।

२.क) महालक्ष्मी नगरपालिका, ललितपुर क्षेत्रभित्र सञ्चालनमा रहेका कुनै पनि उद्योग, पेसा, व्यापार तथा व्यवसाय हालसम्म पनि नगरपालिकामा दर्ता नगर्नु हुने पेसा तथा व्यवसायकर्मीहरुले आर्थिक वर्ष ०८१/८२ सुरु भएको ३ महिना (असोज मसान्त) भित्र र त्यसपछिको अर्को ३ महिना (पुष मसान्त) भित्र दर्ता गर्न आएमा त्यस्ता व्यवसायहरुलाई चालु आ.व.मा स्वीकृत राजश्वको दररेट अनुसार न. पा. स्थापना हुनु पूर्वको व्यवसाय भएमा न.पा. स्थापना भएको आ. व. देखि हाल सम्मको राजश्व हिसाब गरी दर्ता तथा वार्षिक दस्तुरमा क्रमश २५ (पच्चीस) र १० (दश) प्रतिशत छुट दिई व्यवसाय दर्ता गरिनेछ, तोकिएको समयमा दर्ता गर्न नआएमा यसै प्रकरणमा उल्लेखित दरमा हिसाब गरी तोकिए बमोजिमको जरिवानासमेत थप गरि दर्ता गरिनेछ साथै यस अघि नै व्यवसाय दर्ता गरी नियमित कर बुझाइरहनु भएका करदाताले आ. व. शुरु भएको पहिलो तीन महिनाभित्र कर तिर्न आएमा कर रकमको दश प्रतिशत र तीन महिना पछिको अर्को तीन महिनाभित्र कर तिर्न आएमा कर रकमको पाँच प्रतिशत कर छुट दिइनेछ।

ख) महिला, आदिवासी/जनजाति, अपाङ्गता भएका व्यक्ति लगायत लक्षित वर्गका व्यक्तिहरुलाई व्यवसाय दर्ता शुल्क र वार्षिक करमा ५० (पचास) प्रतिशत छुट दिइनेछ ।

ग) परम्परागत घरेलु उद्योगहरु ढाका, सुकुल र भाँडाकुँडाको व्यवसायलाई वार्षिक करमा पच्चीस प्रतिशत कर छुट दिइनेछ ।

घ) यस नगर क्षेत्रमा नेपाल सरकारले उपलव्ध गराएको नमूनाबमोजिम घर बनाउने भूकम्प प्रभावितहरुलाई घर नक्सा स्वीकृत दस्तुरमा पूरै छुट दिइनेछ ।

ङ) भूकम्प प्रभावितहरुले बनाउने घरको हकमा घर नक्सा स्वीकृत गर्दा लाग्ने दस्तुरमा पचास प्रतिशत छुट दिइनेछ ।

च) सम्पदा वस्ती क्षेत्रभित्र तोकिएको मापदण्ड पूरा गरी परम्परागत शैलीमा तोकिएकै सर्त अनुरुप घर निर्माण गर्दा नक्सा पास दस्तुरमा पचहत्तर प्रतिशत छुट दिइनेछ ।

छ) कृषि औजार निर्माण तथा मर्मतसम्बन्धी उद्योग र अर्ग्यानिक कृषि उत्पादन व्यवसायलाई पुरै कर छुट गरिने छ ।

ज) नगरपालिकाभित्र नागरिकता प्रमाणपत्र सिफारिस, भूकम्प पीडितलाई दिइने सिफारिस, सर्जमिन मुचुल्का, विपन्नलाई दिइने सिफारिस, स्वास्थ्य उपचार, छात्रवृत्ति, वडाबाट नगरपालिकामा गरिने सिफारिस तथा नगरपालिकाबाट अन्य सरकारी निकायमा गरिने सिफारिसमा कुनै शुल्क र दस्तुर लिइने छैन ।

३. कुनै पनि करदाताले सम्बन्धित आ. व. को कर जुन आर्थिक वर्षको हो सोही आर्थिक वर्षमा तिर्नु पर्दछ तर उक्त आर्थिक वर्षमा नतिरी अर्को आर्थिक वर्षमा तिर्न आएमा लाग्ने करको प्रति वर्ष दस प्रतिशतको दरले थप जरिवाना सहित कर असुल गरिनेछ । यदि कुनै करदाताले आफूले तिर्नुपर्ने कर तथा जरिवाना रकम तीन वर्षसम्म पनि नबुझाए वा व्यवसाय नवीकरण नगरेमा निजको व्यवसाय दर्ता खारेज गरिनेछ । खारेज भएको सोही व्यवसाय पुनः दर्ता गर्न आएमा बक्यौता रकम समेत लिई लाग्ने रकमको दोब्बर दस्तुर लिई पुनः दर्ता गरिनेछ ।

४. घर बहाल कर जुन आ.व.को हो सोही आ.व.मा वार्षिक रुपमा बुझाउनु पर्नेछ, करदाताले चाहेमा चालु आ.व. को कर मासिक, द्वैमासिक, त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा समेत दाखिला गर्न सकिनेछ ।

५. महालक्ष्मी नगरपालिका ललितपुर क्षेत्रभित्र नगर कार्यपालिकाले तोकेको निषेधित कार्य गरेमा अनुसूची ९(५) बमोजिम जरिवाना लिइने छ ।

६. महिलाहरुको स्वामित्वमा रहेको जग्गामा निज स्वयमले घर संरचना निर्माण गर्दा लाग्ने नक्सा पास दस्तुरमा ५०(पचास)प्रतिशत छुट दिईनेछ।

११. **शिक्षा विकास कोष शुल्कः**

१. नगर क्षेत्रभित्र रहेका निजी शैक्षिक संस्था, शैक्षिक परामर्श सेवा तथा तालिम प्रदायक संस्थाहरुको अभिलेखीकरण, नवीकरण, परीक्षा शुल्क साथै स्थानान्तरण बापत अनुसूची-४ मा तोकिएको दरमा शिक्षा विकास कोष शुल्क लगाई असुल उपर गरिनेछ ।

१२. **वातावरण संरक्षण शुल्कः**

१. नगर क्षेत्रभित्र सञ्चालनमा रहेका उद्योग, व्यवसायमा अनुसूची — ४ र अनुसूची- ९ बमोजिम तोकिएको दरमा वातावरण संरक्षण शुल्क र घर नक्सा स्वीकृत गर्दा अनुसूची- ९ बमोजिम वातावरण संरक्षण शुल्क लगाइने छ र उक्त रकम जम्मा गरी वातावरण संरक्षणका लागि खर्च गरिनेछ ।

२. यो शुल्क व्यवसाय करसँगै असुल उपर गरिनेछ ।

१३. **प्रक्रिया सरलीकरण तथा बाधा अड्काउ फुकुवा गर्न सक्नेः**

यस ऐन कार्यान्वयनको क्रममा सार्वजनिक शान्ति, सुव्यवस्थामा खलल वा आवागमनमा अवरोध हुन जाने सम्भावना वा विपद्को कारणले कुनै जटिलता देखिएमा नगर कार्यपालिकाले आवश्यकतानुसार लगाइएको दस्तुर, शुल्क वा करको दर घटाउन, बढाउन वा पूर्ण वा आंशिक रुपमा छुट दिन वा अवधि थप गर्न, प्रक्रिया सरलीकरण गर्न वा कार्यान्वयनमा देखिएको कुनै बाधा अड्काउ फुकाउन सक्नेछ ।

१४. **प्रहरीको सेवा लिन वा नगर प्रहरी खटाउन सक्नेः**

यो ऐन र अन्य कानुनले नगरपालिकाले गर्ने भनी तोकिएका वा नगरकार्यपालिका वा नगरपालिकाको न्यायिक समितिले गरेका निर्णयहरु

कार्यान्वयन गर्न गराउन नेपाल प्रहरीको सहयोग माग्न वा नगर प्रहरी वा नगर प्रहरीको काम गर्न सेवा सम्झौता गरिलिएको जनशक्तिलाई नगरकार्यपालिकाको कार्यालयले खटाउन सक्नेछ ।

१५. **कर उठाउने अधिकारः**

यो ऐन बमोजिम कर, मालपोत, शुल्क, दस्तुर उठाउने कर्मचारीको अधिकार क्षेत्र कार्यालय र नगरपालिकामा रहनेछ ।

१६. **कर असुल गर्दा घटी बढी भएमा तथा दुविधा भएमाः**

यस ऐन अनुसार नगरपालिकाले करदातासँग कर, मालपोत,शुल्क,दस्तुर असुल गर्दा अङ्क गणितीय भूल वा प्रविधि वा प्राविधिक कमजोरीका कारणले करदाताबाट घटी रकम असुल भएकोमा बाँकी रकम थप गरी करदाताबाट असुल गर्न र करदाताबाट बढी रकम असुल गरिएको देखिएमा लाग्ने रकम जति कटाई बढी भए जति रकम सम्बन्धित करदातालाई फिर्ता गर्न प्रमुख प्रशासकीय अधिकृतले आदेश दिन सक्नेछ साथै एउटै व्यवसाय वा कम्पनी खोली उद्देश्यमा धेरै विषय समावेश गरी न.पा.मा दर्ता तथा आबद्धता हुन आउँदा राजस्व असुल गर्न दुविधा पर्न गएमा उल्लेख भएमध्ये सबैभन्दा बढी लाग्ने एक शीर्षकको राजश्व लिई दर्ता तथा आबद्धता गराइनेछ ।

१७. **विज्ञापन करः**

महालक्ष्मी नगरपालिका, ललितपुर क्षेत्रभित्र विभिन्न तवरबाट गरिएका विज्ञापनहरुमा प्रदेश कानुनमा भएको व्यवस्था बमोजिम नगर कार्यपालिकाले निर्धारण गरे अनुसार, अनुसूची - १० बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ ।

१८. **आन्तरिक पर्यटन शुल्कः**

आन्तरिक पर्यटन शुल्क सम्बन्धी प्रदेश कानुनमा समेत व्यवस्था भएको, महालक्ष्मी नगरपालिका ललितपुर क्षेत्रभित्र रहेको आन्तरिक पर्यटकीय क्षेत्र (मनमोहन मेमोरियल टावर र मनमोहन पार्क) प्रवेशमा अनुसुची - ११ बमोजिम प्रवेश शुल्क लगाई असुल उपर गरिनेछ ।

१९ **माटो विक्रि शुल्कः**

नगरपालिकाले आफ्नो स्वामित्वमा रहेका सम्पत्ति वा आफ्नो रेखदेखमा रहेका सार्वजनिक स्थलबाट उत्पादन हुने माटो प्रचलित कानुन बमोजिम विक्रि गर्न सक्नेछ ।

२०. **कर तथा शुल्क सङ्कलन सम्बन्धी कार्यविधिः**

यस ऐन मा भएको व्यवस्था अनुसार कर तथा शुल्क सङ्कलन सम्बन्धी कार्यविधि महालक्ष्मी नगरपालिका, ललितपुरको नगरकार्यपालिकाले तोके अनुसार हुनेछ ।

## अनुसूची-१
### (दफा २ सँग सम्बन्धित)
### महालक्ष्मी नगरपालिका, ललितपुरको सम्पत्ति करको दर

| क्र.सं. | विवरण | कायम दर प्रति स्क्वायर फिट (रुपैया) |
|---|---|---|
| १ | गोदावरी खोला पश्चिम तर्फ नाफा कमाउने प्रयोजनका निमित्त प्रयोग गरिएको भवन,व्यापारिक कम्प्लेक्स,निजी विद्यालय,निजी स्वास्थ्य संस्था तथा १० मिटर भन्दा बढी चौडा बाटोले छोएको सबै प्रकारका घर तथा भौतिक संरचना | ०.७ |
| २ | गोदावरी खोला पूर्व तर्फ नाफा कमाउने प्रयोजनका निमित्त प्रयोग गरिएको भवन, व्यापारिक कम्प्लेक्स, निजी विद्यालय,निजी स्वास्थ्य संस्था तथा १० मिटर भन्दा बढी चौडा बाटोले छोएको क्षेत्रभित्र बनेका सबै घर तथा भौतिक संरचना तथा प्रकरण १ बाहेक आर.सि.सि.फ्रेम स्ट्रक्चर घर समेत | ०.५ |
| ३ | माथि प्रकरण १ र २ बाहेकका | |
| क. | आर.सि.सि.फ्रेम स्ट्रक्चर घर तथा सिमेन्टको जोडाइमा इट्टा वा ढुङ्गाको गारो भएको घर | ०.४ |
| ख. | सिमेन्टको जोडाइमा इट्टा वा ढुङ्गाको गारो जस्ता वा टायलको छानो भएको घर | ०.३ |
| ग. | माटोको जोडाइमा इट्टा वा ढुङ्गाको गारो आर.सि.सि. छानो भएको घर | ०.३ |
| घ. | माटोको जोडाइमा इट्टा वा ढुङ्गाको गारो जस्ता वा टायलको छानो भएको घर | ०.२५ |
| ङ | बाहिर पाको भित्र कच्ची इट्टा वा ढुङ्गाको इट्टा वा माटोको जोडाइमा आर.सि.सि.जस्ता वा टायलको छानो भएको घर | ०.२५ |
| च. | ब्लक वा ट्रस र आइबिमको स्थायी संरचना | ०.३ |

## संख्या ४ महालक्ष्मी नगरपालिका मितिः२०८१/०४/०१

| क्र.सं. | विवरण | कायम दर प्रति स्क्वायर फिट (रुपैया) |
|---|---|---|
| छ. | प्रिफ्याव तथा घर टहरा | ०.२ |
| ज. | कच्ची घर, अस्थायी टहरा | ०.२ |
| झ. | वडा नं. १० को हकमा भने माथि उल्लिखित दरको आधा मात्र लाग्नेछ । | |

**नोटः** सम्पत्ति करको लागि घर जग्गाको गणना गर्दा ८ आना सम्मको जग्गामा बनेको घर/संरचना र घर/संरचनाले चर्चेको जग्गा वा एउटै कित्ता भए ८ आना सम्मको जग्गालाई सम्पत्ति कर र बाँकी जग्गालाई भूमिकर (मालपोत) गणना गरिनेछ । साथै घरमा लाग्ने करको हकमा प्रति वर्ष १ प्रतिशतका दरले ह्रास कट्टी हुँदै जाने र उक्त ह्रास कट्टी करको ७५ प्रतिशत सम्म मात्र लागु हुनेछ त्यस पश्चात ह्रास कट्टी गरिने छैन।

## अनुसूची-२

## (दफा ३ सँग सम्बन्धित)

## महालक्ष्मी नगरपालिका, ललितपुरको भूमिकर (मालपोत) को दर

| क्र.सं. | विवरण | कायम दर प्रति आना (रुपैया) |
|---|---|---|
| १ | कर्मनासा खोलादेखि गोदावरी खोला पश्चिम १० मिटर वा सोभन्दा बढी चौडा बाटोले छोएको जग्गा | ५० |
| २ | गोदावरी खोला पश्चिम र पूर्व ढुङ्गिनसम्म १० मिटर भन्दा कम चौडा बाटोले छोएको र वडा नं.१,२,३,४,५ र ६ का बाँकी सबै जग्गाहरु | ३० |
| ३ | वडा नं. ६,७,८ र ९ का गोरेटो बाटोले छोएका जग्गाहरु | १५ |
| ४ | वडा नं. १० का सबै जग्गा तथा जुनसुकै वडाका बाटोले नछोएको तथा भीरपाखो जग्गाहरु | ६ |
| ५ | वर्षभरि नै बाँझो राखिएको जग्गाको ह्रास कर प्रति आना | १०० |
| ६ | गोदावरी खोला करिडोरमा पर्ने जग्गा | १० |
| ७ | गोदावरी खोला करिडोरले छोएको जग्गा | ३० |

## अनुसूची-३
## (दफा ४ सँग सम्बन्धित)
## महालक्ष्मी नगरपालिका, ललितपुरको घरजग्गा बहाल करको दर

<table>
<tr><th>क्र.सं.</th><th colspan="2">विवरण</th><th>कायम दर प्रतिशत (घर भाडा रकमको)</th></tr>
<tr><td>१</td><td colspan="2">व्यावसायिक प्रयोजनमा भाडामा लगाएको घर</td><td>१०</td></tr>
<tr><td>२</td><td colspan="2">आवासीय प्रयोजनमा भाडामा लगाएको घर</td><td>७</td></tr>
<tr><td>३</td><td colspan="2">अन्य प्रयोजनमा भाडामा लगाएको घर</td><td>५</td></tr>
<tr><td colspan="4">व्यावसायिक प्रयोजनमा भाडामा लगाएको जग्गा</td></tr>
<tr><td colspan="2">कृषि प्रयोजन</td><td colspan="2">गैर कृषि प्रयोजन</td></tr>
<tr><td colspan="2">२ (दुई) प्रतिशत</td><td colspan="2">५ (पाँच) प्रतिशत</td></tr>
</table>

# अनुसूची-४
## (दफा ५ सँग सम्बन्धित)
## महालक्ष्मी नगरपालिका, ललितपुरले आफ्नो क्षेत्रभित्र लगाउने व्यवसाय दर्ता, नवीकरण, नामसारी, स्थानान्तरण, वार्षिक कर तथा विपद् व्यवस्थापन तथा वातावरण शुल्कका दरहरु

| क्र.सं. | व्यापारिक वस्तु | लागत पुँजी | दर्ता दस्तुर | नवीकरण दस्तुर तथा वार्षिक कर | नामसारी तथा नाम परिवर्तन दस्तुर | स्थानान्तरण दस्तुर | विपद् व्यवस्थापन तथा वातावरण संरक्षण शुल्क |
|---|---|---|---|---|---|---|---|
| १ | चामल तथा तेल मिल | रु.१ देखि रु.२० लाख सम्म | १५०० | ७५० | २५० | ५०० | १०० |
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | ३००० | १५०० | ५०० | १००० | २०० |
| | | रु. ५० लाख भन्दा माथि | ४५०० | २२५० | ७५० | १५०० | ३०० |
| २ | मसला मिल | रु.१ देखि रु.२० लाख सम्म | ५०० | २५० | १०० | १०० | १०० |
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | १००० | ५०० | २०० | २०० | २०० |
| | | रु. ५० लाख भन्दा माथि | १५०० | ७५० | ३०० | ३०० | ३०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | चिउरा मिल | रु.१ देखि रु.२० लाख सम्म | ७५० | ३७५ | २५० | २५० | १०० |
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | १५०० | ७५० | ५०० | ५०० | २०० |
| | | रु. ५० लाख भन्दा माथि | २२५० | ११२५ | ७५० | ७५० | ३०० |
| ४ | सुर्ती तथा सुर्तीजन्य पदार्थ | रु.१ देखि रु.२० लाख सम्म | ७५० | ३७५ | २५० | २५० | १०० |
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | १५०० | ७५० | ५०० | ५०० | २०० |
| | | रु. ५० लाख भन्दा माथि | २२५० | ११२५ | ७५० | ७५० | ३०० |
| ५ | मदिरा तथा मदिराजन्य पदार्थ (थोक) | रु.१ देखि रु.२० लाख सम्म | ३००० | १५०० | ५०० | ५०० | १०० |
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | ६००० | ३००० | १००० | १००० | २०० |
| | | रु. ५० लाख भन्दा माथी | ९००० | ४५०० | १५०० | १५०० | ३०० |
| ६ | मदिरा तथा मदिराजन्य पदार्थ (खुद्रा) | रु.१ देखि रु.२० लाख सम्म | २००० | १००० | ५०० | ५०० | १०० |
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | ४००० | २००० | १००० | १००० | २०० |
| | | रु. ५० लाख भन्दा माथि | ६००० | ३००० | १५०० | १५०० | ३०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | पेय पदार्थ, जुस तथा फलफूल | रु. १ देखि २० लाख सम्म | ५०० | २५० | १०० | १०० | १०० |
| | | रु. २० लाख १देखि ५० लाख सम्म | १००० | ५०० | २०० | २०० | २०० |
| | | रु. ५० लाख भन्दा माथि | १५०० | ७५० | ३०० | ३०० | ३०० |
| ८ | आल्मुनियम,तामा, पित्तल, स्टील, फलाम लगायतका भाँडाकुँडा | रु.१ देखि रु.२० लाख सम्म | ११०० | ६५० | २०० | २०० | १०० |
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | २२०० | ११०० | ४०० | ४०० | २०० |
| | | रु. ५० लाख भन्दा माथि | ३३०० | १६५० | ६०० | ६०० | ३०० |
| ९ | तयारी कपडा, तथा जुत्ता (छालाको बाहेक) | रु.१ देखि रु.२० लाख सम्म | ७५० | ३७५ | २०० | २०० | १०० |
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | १५०० | ७५० | ४०० | ४०० | २०० |
| | | रु. ५० लाख भन्दा माथि | २२५० | ११२५ | ६०० | ६०० | ३०० |
| १० | तयारी कपडा बाहेक अन्य कपडा | रु.१ देखि रु.२० लाख सम्म | २००० | १००० | ५०० | ५०० | ५०० |
| | | रु.२० लाख १देखि ५० लाख सम्म | ४००० | २००० | १००० | १००० | १००० |
| | | रु. ५० लाख भन्दा माथि | ६००० | ३००० | १५०० | १५०० | १५०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११ | व्याग तथा छाला जुत्ता | रु.१ देखि रु.२० लाख सम्म | १५०० | ७५० | २५० | २५० | १०० |
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | ३००० | १५०० | ५०० | ५०० | २०० |
| | | रु. ५० लाख भन्दा माथि | ४५०० | २२५० | ७५० | ७५० | ३०० |
| १२ | घडी तथा चश्मा पसल | रु.१ देखि रु.२० लाख सम्म | ७५० | ३७५ | २५० | २५० | १०० |
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | १५०० | ७५० | ५०० | ५०० | २०० |
| | | रु. ५० लाख भन्दा माथि | २२५० | ११२५ | ७५० | ७५० | ३०० |
| १३ | कस्मेटिक, ब्यूटिपार्लर, केश शृङ्गार, ड्राइक्लिनर्स, फोटो स्टुडियो, फोटो फ्रेम | रु.१ देखि रु.२० लाख सम्म | ९०० | ४५० | १५० | १५० | १०० |
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | १८०० | ९०० | ३०० | ३०० | २०० |
| | | रु. ५० लाख भन्दा माथि | २७०० | १३५० | ४५० | ४५० | ३०० |
| १४ | बुटिक तथा सिलाई | रु.१ देखि रु.२० लाख सम्म | २५०० | १२५० | १००० | १००० | १०० |
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | ५००० | २५०० | २००० | २००० | २०० |
| | | रु. ५० लाख भन्दा माथि | ७५०० | ७५० | ३००० | ३००० | ३०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १५ | स्टेसनरी, पुस्तक तथा स्पोर्टस पसल | रु.१ देखि रु.२० लाख सम्म | १५०० | ७५० | ३०० | ३०० | १०० |
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | ३००० | १५०० | ६०० | ६०० | २०० |
| | | रु. ५० लाख भन्दा माथि | ४५०० | २२५० | ९०० | ९०० | ३०० |
| १६ | भिडियो क्यासेट तथा सि डी | रु.१ देखि रु.२० लाख सम्म | ७५० | ३७५ | १०० | १०० | १०० |
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | १५०० | ७५० | २०० | २०० | २०० |
| | | रु. ५० लाख भन्दा माथि | २२५० | ११२५ | ३०० | ३०० | ३०० |
| १७ | दैनिक उपभोग्य वस्तु तथा किराना पसल | रु.१ देखि रु.२० लाख सम्म | १००० | ५०० | २५० | २५० | १०० |
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | २००० | १००० | ५०० | ५०० | २०० |
| | | रु. ५० लाख भन्दा माथि | ३००० | १५०० | ७५० | ७५० | ३०० |
| १८ | डिपार्टमेन्टल स्टोर | रु.१ देखि रु.२० लाख सम्म | ७५०० | ३७५० | १५०० | १५०० | १०० |
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | १५००० | ७५०० | ३००० | ३००० | २०० |
| | | रु. ५० लाख भन्दा माथि | २२५०० | ११२५० | ४५०० | ४५०० | ३०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १९ | मिनिमार्ट | रु.१ देखि रु.२० लाख सम्म | ५५०० | २७५० | १००० | १००० | १०० |
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | ११००० | ५५०० | २००० | २००० | २०० |
| | | रु. ५० लाख भन्दा माथि | १६५०० | ८२५० | ३००० | ३००० | ३०० |
| २० | विभिन्न उपभोग्य समानहरुको थोक व्यवसाय | रु.१ देखि रु.२० लाख सम्म | ५००० | २५०० | १००० | १००० | १०० |
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | १०००० | ५००० | २००० | २००० | २०० |
| | | रु. ५० लाख भन्दा माथि | १५००० | ७५०० | ३००० | ३००० | ३०० |
| २१ | रङ्गरोगन | रु.१ देखि रु.२० लाख सम्म | ४००० | २००० | ५०० | ५०० | १०० |
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | ८००० | ४००० | १००० | १००० | २०० |
| | | रु. ५० लाख भन्दा माथि | १२००० | ६००० | १५०० | १५०० | ३०० |
| २२ | इलेक्ट्रोनिक्स | रु.१ देखि रु.२० लाख सम्म | ५५०० | २७५० | १००० | १००० | १०० |
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | ११००० | ५५०० | २००० | २००० | २०० |
| | | रु. ५० लाख भन्दा माथि | १६५०० | ८२५० | ३००० | ३००० | ३०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २३ | इलेक्ट्रिकल्स | रु.१ देखि रु.२० लाख सम्म | १५०० | ७५० | २५० | २५० | १०० |
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | ३००० | १५०० | ५०० | ५०० | २०० |
| | | रु. ५० लाख भन्दा माथि | ४५०० | २२५० | ७५० | ७५० | ३०० |
| २४ | पेट्रोलियम पदार्थ | रु.१ देखि रु.२० लाख सम्म | १२५०० | ६२५० | १५०० | १५०० | १०० |
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | २५००० | १२५०० | ३००० | ३००० | २०० |
| | | रु. ५० लाख भन्दा माथि | ३७५०० | १८७५० | ४५०० | ४५०० | ३०० |
| २५ | मोटरसाइकल पार्टस पसल | रु.१ देखि रु.२० लाख सम्म | १२५० | ६२५ | २५० | २५० | १०० |
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | २५०० | १२५० | ५०० | ५०० | २०० |
| | | रु. ५० लाख भन्दा माथि | ३७५० | १८७५ | ७५० | ७५० | ३०० |
| २६ | ठूला / साना सवारी पार्टस पसल | रु.१ देखि रु.२० लाख सम्म | ५००० | २५०० | १००० | १००० | ५०० |
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | १०००० | ५००० | २००० | २००० | ७५० |
| | | रु. ५० लाख भन्दा माथि | १५००० | ७५०० | ३००० | ३००० | १००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २७ | सवारी साधन(चार पाङ्ग्रे) सोरुम | रु.१ देखि रु.२० लाख सम्म | ५०००० | २५००० | ३०००० | ३०००० | १००० |
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | १००००० | ५०००० | ६०००० | ६०००० | २००० |
| | | रु. ५० लाख भन्दा माथि | १५०००० | ७५००० | ९०००० | ९०००० | ३००० |
| २८ | विद्युतिय सवारी साधन(चार पाङ्ग्रे) सोरुम | रु.१ देखि रु.२० लाख सम्म | २५००० | १२००० | १५००० | १५००० | ५०० |
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | ५०००० | २५००० | ३०००० | ३०००० | १००० |
| | | रु. ५० लाख भन्दा माथि | ७५००० | ३५००० | ४५००० | ४५००० | १५०० |
| २९ | सवारी साधन (दुई पाङ्ग्रे) सोरुम | रु.१ देखि रु.२० लाख सम्म | २५००० | १२५०० | १२५०० | १२५०० | १००० |
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | ५०००० | २५००० | २५००० | २५००० | २००० |
| | | रु. ५० लाख भन्दा माथि | ७५००० | ३७५०० | ३७५०० | ३७५०० | ३००० |
| ३० | विद्युतिय सवारी साधन (दुई पाङ्ग्रे) सोरुम | रु.१ देखि रु.२० लाख सम्म | १०००० | ७००० | ७००० | ७००० | ५०० |
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | २५००० | १२५०० | १२५०० | १२५०० | १००० |
| | | रु. ५० लाख भन्दा माथि | ३५००० | १८००० | १८००० | १८००० | १५०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३१ | रि कन्डिसन (चार पाङ्ग्रे) | रु.२० लाख १ देखि ५० लाख सम्म | ५०००० | २५००० | २५००० | २५००० | २००० |
| | | रु. ५० लाख भन्दा माथि | ७५००० | ३७५०० | ३७५०० | ३७५०० | ३००० |
| | | रु. ५० लाख भन्दा माथि | ७५००० | ३७५०० | ३७५०० | ३७५०० | ३००० |
| ३२ | रि कन्डिसन (दुई पाङ्ग्रे) | रु.१ देखि रु.२० लाख सम्म | १२५०० | ६२५० | ५००० | ५००० | १००० |
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | २५००० | १२५०० | १०००० | १०००० | २००० |
| | | रु. ५० लाख भन्दा माथि | ३७५०० | १८७५० | १५००० | १५००० | ३००० |
| ३३ | ज्वेलरी पसल | रु.१ देखि रु.२० लाख सम्म | ४००० | २००० | ५०० | ५०० | १०० |
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | ८००० | ४००० | १००० | १००० | २०० |
| | | रु. ५० लाख भन्दा माथि | १२००० | ६००० | १५०० | १५०० | ३०० |
| ३४ | ज्वेलरी कारखाना | रु.१ देखि रु.२० लाख सम्म | २५००० | १२५०० | १२५०० | १२५०० | १००० |
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | ५०००० | २५००० | २५००० | २५००० | २००० |
| | | रु. ५० लाख भन्दा माथि | ७५००० | ३७५०० | ३७५०० | ३७५०० | ३००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३५ | वासिंग सेन्टर | रु.१ देखि रु.२० लाख सम्म | १५०० | ७५० | ७५० | ७५० | १०० |
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | ३००० | १५०० | १५०० | १५०० | २०० |
| | | रु. ५० लाख भन्दा माथि | ४५०० | २२५० | २२५० | २२५० | ३०० |
| ३६ | फिटनेस सेन्टर | रु.१ देखि रु.२० लाख सम्म | २५० | १२५ | १०० | १५० | १०० |
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | ५०० | २५० | २०० | ३०० | २०० |
| | | रु. ५० लाख भन्दा माथि | ७५० | ३७५ | ३०० | ४५० | ३०० |
| ३७ | फिटनेस क्लव | रु.१ देखि रु.२० लाख सम्म | १००० | ५०० | ५०० | ५०० | १०० |
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | २००० | १००० | १००० | १००० | २०० |
| | | रु. ५० लाख भन्दा माथि | ३००० | १५०० | १५०० | १५०० | ३०० |
| ३८ | वाद्यबादन सामग्री उत्पादन तथा बिक्री वितरण | रु.१ देखि रु.२० लाख सम्म | १००० | ५०० | ५०० | ५०० | १०० |
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | २००० | १००० | १००० | १००० | २०० |
| | | रु. ५० लाख भन्दा माथि | ३००० | १५०० | १५०० | १५०० | ३०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३९ | वाद्यबादन सामग्री मर्मत | रु.१ देखि रु.२० लाख सम्म | ५०० | २५० | २५० | २५० | १०० |
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | १००० | ५०० | ५०० | ५०० | २०० |
| | | रु. ५० लाख भन्दा माथि | २००० | १००० | १००० | १००० | ३०० |
| ४० | ससेज उत्पादन व्यवसाय | रु.१ देखि रु.२० लाख सम्म | २५० | १२५ | १०० | १५० | १०० |
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | ५०० | २५० | २०० | ३०० | २०० |
| | | रु. ५० लाख भन्दा माथि | ७५० | ३७५ | ३०० | ४५० | ३०० |
| ४१ | ग्यास डिपो | रु.१ देखि रु.२० लाख सम्म | ७५० | ३७५ | ७५० | १००० | १०० |
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | १५०० | ७५० | १५०० | २००० | २०० |
| | | रु. ५० लाख भन्दा माथि | २२५० | ११२५ | २२५० | ३००० | ३०० |
| ४२ | ग्यास र अक्सिजन बिक्रेता | रु.१ देखि रु.२० लाख सम्म | २५० | १०० | १०० | १५० | १०० |
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | ५०० | २०० | २०० | ३०० | २०० |
| | | रु. ५० लाख भन्दा माथि | ७५० | ३०० | ३०० | ४५० | ३०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४३ | ह्याचरी हाउस, तथा अण्डा सप्लायर्स | रु.१ देखि रु.२० लाख सम्म | १००० | ५०० | ५०० | ५०० | १०० |
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | २००० | १००० | १००० | १००० | २०० |
| | | रु. ५० लाख भन्दा माथि | ३००० | १५०० | १५०० | १५०० | ३०० |
| ४४ | पोल्ट्री फर्म तथा कालिज, बट्टाई लगायत अन्य पंक्षी जन्य पालन व्यवसाय | रु.१ देखि रु.२० लाख सम्म | १५०० | ७५० | १००० | १००० | १०० |
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | ३००० | १५०० | २००० | २००० | २०० |
| | | रु. ५० लाख भन्दा माथि | ४५०० | २२५० | ३००० | ३००० | ३०० |
| ४५ | सैलुन | | १००० | ५०० | ५०० | ५०० | १०० |
| ४६ | लण्ड्री | | ५०० | २५० | १०० | १०० | १०० |
| ४७ | इट्टा उद्योग (प्रति चिम्नी) | | | ३००००० | | ० | १०००० |
| ४८ | काँचो इट्टा उत्पादन गर्ने व्यवसाय प्रति रोपनी | | ० | ३००० | ० | ० | १००० |
| ४९ | इट्टा, वालुवा, ढुङ्गा र चिप्स डिपो सप्लायर्स | रु.१ देखि रु.२० लाख सम्म | २५०० | १२५० | १००० | १००० | १०० |
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | ५००० | २५०० | २००० | २००० | २०० |
| | | रु. ५० लाख भन्दा माथि | ७५०० | ३७५० | ३००० | ३००० | ३०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५० | सिमेन्ट ब्लक र सिमेन्टको इट्टा टायल उद्योग व्यवसाय | रु.१ देखि रु.२० लाख सम्म | २५०० | १२५० | १००० | १००० | १०० |
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | ५००० | २५०० | २००० | २००० | २०० |
| | | रु. ५० लाख भन्दा माथि | ७५०० | ३७५० | ३००० | ३००० | ३०० |
| ५१ | निर्माण सामग्री/ हार्डवेयर लगायत अन्य | रु.१ देखि रु.२० लाख सम्म | ५५०० | २७५० | १००० | १००० | १०० |
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | ११००० | ५५०० | २००० | २००० | २०० |
| | | रु. ५० लाख भन्दा माथि | १६५०० | ८२५० | ३००० | ३००० | ३०० |
| ५२ | स्यनिटरी, टायल तथा मार्बल | रु.१ देखि रु.२० लाख सम्म | ७५०० | ३७५० | १५०० | १५०० | १०० |
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | १५००० | ७५०० | ३००० | ३००० | २०० |
| | | रु. ५० लाख भन्दा माथि | २२५०० | ११२५० | ४५०० | ४५०० | ३०० |
| ५३ | ग्रील उद्योग | रु.१ देखि रु.२० लाख सम्म | १००० | ५०० | ५०० | ५०० | १०० |
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | २००० | १००० | १००० | १००० | २०० |
| | | रु. ५० लाख भन्दा माथि | ३००० | १५०० | १५०० | १५०० | ३०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५४ | अल्मुनियम, स्टिल तथा काठ फर्निचर उद्योग | रु.१ देखि रु.२० लाख सम्म | ६००० | ३००० | १००० | १५०० | १०० |
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | १२००० | ६००० | २००० | ३००० | २०० |
| | | रु. ५० लाख भन्दा माथि | १८००० | ९००० | ३००० | ४५०० | ३०० |
| ५५ | सिसा, प्लाइउड बिक्रेता | रु.१ देखि रु.२० लाख सम्म | ५०० | २५० | १०० | १०० | १०० |
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | १००० | ५०० | २०० | २०० | २०० |
| | | रु. ५० लाख भन्दा माथि | १५०० | ७५० | ३०० | ३०० | ३०० |
| ५६ | स्टिल तथा काठ फर्निचर बिक्रेता | रु.१ देखि रु.२० लाख सम्म | २५०० | १२५० | ३०० | ३०० | १०० |
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | ५००० | २५०० | ६०० | ६०० | २०० |
| | | रु. ५० लाख भन्दा माथि | ७५०० | ३७५० | ९०० | ९०० | ३०० |
| ५७ | खेलौना तथा उपहार सामाग्री बिक्रेता | रु.१ देखि रु.२० लाख सम्म | १००० | ५०० | २०० | २०० | १०० |
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | २००० | १००० | ४०० | ४०० | २०० |
| | | रु. ५० लाख भन्दा माथि | ३००० | १५०० | ६०० | ६०० | ३०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५८ | ह्यान्डी क्रयाफ्ट | रु.१ देखि रु.२० लाख सम्म | २०० | १०० | १०० | १०० | १०० |
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | ४०० | २०० | २०० | २०० | २०० |
| | | रु. ५० लाख भन्दा माथि | ६०० | ३०० | ३०० | ३०० | ३०० |
| ५९ | टेक्स्टायल तथा गार्मेन्ट पार्टस पसल | रु.१ देखि रु.२० लाख सम्म | ५०० | २५० | १०० | १०० | १०० |
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | १००० | ५०० | २०० | २०० | २०० |
| | | रु. ५० लाख भन्दा माथि | १५०० | ७५० | ३०० | ३०० | ३०० |
| ६० | मूर्तिकला तथा भाँडाकुडा निर्माण | रु.१ देखि रु.२० लाख सम्म | २५०० | १२५० | १००० | १००० | १०० |
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | ५००० | २५०० | २००० | २००० | २०० |
| | | रु. ५० लाख भन्दा माथि | ७५०० | ३७५० | ३००० | ३००० | ३०० |
| ६१ | सफ्टवेयर निर्माण कम्पनी | | ३००० | १५०० | ३००० | ३००० | १०० |
| ६२ | अनलाइन व्यवसाय | | ३००० | १५०० | ३००० | ३००० | १०० |
| ६३ | तरकारी (हरियो) पसल | रु.१ देखि रु.२० लाख सम्म | ५०० | २५० | १०० | १०० | १०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | १००० | ५०० | २०० | २०० | २०० |
| | | रु. ५० लाख भन्दा माथि | १५०० | ७५० | ३०० | ३०० | ३०० |
| ६४ | ग्रोसरी | रु.१ देखि रु.२० लाख सम्म | २५०० | १२५० | ५०० | ५०० | १०० |
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | ५००० | २५०० | १००० | १००० | २०० |
| | | रु. ५० लाख भन्दा माथि | ७५०० | ३७५० | १५०० | १५०० | ३०० |
| ६५ | कृषि बिउ विजन तथा किटनाशक विषादी | रु.१ देखि रु.२० लाख सम्म | ५०० | २५० | १०० | १०० | १०० |
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | १००० | ५०० | २०० | २०० | २०० |
| | | रु. ५० लाख भन्दा माथि | १५०० | ७५० | ३०० | ३०० | ३०० |
| ६६ | आयात तथा निर्यात वा आयात निर्यात व्यवसाय | रु.१ देखि रु.२० लाख सम्म | ३५०० | १७५० | १००० | १००० | १०० |
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | ७००० | ३५०० | २००० | २००० | २०० |
| | | रु. ५० लाख भन्दा माथि | १०५०० | ५२५० | ३००० | ३००० | ३०० |
| ६७ | सेक्युरिटी गार्ड र सप्लायर्स | | ५००० | २५०० | २००० | २००० | १०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६८ | गाई भैसी फर्म | रु.१ देखि रु.२० लाख सम्म | ५०० | २५० | १०० | १०० | ० |
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | १००० | ५०० | २०० | २०० | ० |
| | | रु. ५० लाख भन्दा माथि | १५०० | ७५० | ३०० | ३०० | ० |
| ६९ | एकीकृत कृषि फर्म | रु.१ देखि रु.२० लाख सम्म | ५०० | २५० | १०० | १०० | ० |
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | १००० | ५०० | २०० | २०० | ० |
| | | रु. ५० लाख भन्दा माथि | १५०० | ७५० | ३०० | ३०० | ० |
| ७० | भेडा, च्याङ्ग्रा तथा बाख्रा फर्म | रु.१ देखि रु.२० लाख सम्म | ३०० | १५० | १०० | १०० | ० |
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | ६०० | ३०० | २०० | २०० | ० |
| | | रु. ५० लाख भन्दा माथि | ९०० | ४५० | ३०० | ३०० | ० |
| ७१ | सुँगुर तथा बंगुर पालन व्यवसाय | रु.१ देखि रु.२० लाख सम्म | ४०० | २०० | १०० | १०० | ३०० |
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | ८०० | ४०० | २०० | २०० | ४०० |
| | | रु. ५० लाख भन्दा माथि | १२०० | ६०० | ३०० | ३०० | ५०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७२ | दूध डेरी | रु.१ देखि रु.२० लाख सम्म | ५०० | २५० | २०० | ३०० | १०० |
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | १००० | ५०० | ४०० | ६०० | २०० |
| | | रु. ५० लाख भन्दा माथि | १५०० | ७५० | ६०० | ९०० | ३०० |
| ७३ | माहुरी पालन व्यवसाय | रु.१ देखि रु.२० लाख सम्म | ५०० | २५० | २०० | ३०० | १०० |
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | १००० | ५०० | ४०० | ६०० | २०० |
| | | रु. ५० लाख भन्दा माथि | १५०० | ७५० | ६०० | ९०० | ३०० |
| ७४ | फर्म/उद्योग/सेवा शाखा विस्तार स्वीकृति | | ५००० | | | | |
| ७५ | कृषिजन्य व्यवसाय, नर्सरी शाखा विस्तार स्वीकृति | २००० | | | | | |
| ७६ | आरन व्यवसाय (घरेलु औजारहरु निर्माण तथा विक्री गर्ने व्यवसाय) | | ५०० | २५० | २५० | २५० | १०० |
| ७७ | पुजा समाग्री पसल | रु.१ देखि रु.२० लाख सम्म | १००० | ५०० | २५० | २५० | १०० |
| | | रु.२० लाख १ देखि ५० लाख सम्म | २००० | १००० | ५०० | ५०० | २०० |
| | | रु. ५० लाख भन्दा माथि | ३००० | १५०० | ७५० | ७५० | ३०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७८ | तयारी कपडा, तथा जुत्ता - स्पोर्टस | रु.१ देखि रु.२० लाख सम्म | १५०० | ५०० | ५०० | ५०० | १०० |
